वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054


# 'शिक्षालाई नि:शुल्क बनाउनुपर्छ'

**काठमाडौं (प्रस)–** नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले शिक्षालाई नि:शुल्क र अनिवार्य बनाउनुपर्ने बताएका छन् । अबको संसद्मा आफ्नो र पार्टीको भूमिका संविधानमा उल्लिखित नि:शुल्क शिक्षा, स्वास्थ्य र रोजगारीको कार्यान्वयन सुनिश्चित गराउनमा केन्द्रित हुने उनले बताए ।

भक्तपुरको ताथलीस्थित देवी माविको ५४औं वार्षिकोत्सव तथा सम्मान समारोहलाई सम्बोधन गर्दै नेता सुवालले उक्त भनाइ राखेका हुन् । उनले संविधानमा उल्लेख भएको नि:शुल्क स्वास्थ्य उपचारको जिम्मा स्वास्थ्यमन्त्रीले लिनुपर्ने बताए । कृषिमन्त्रीले समयमा कृषकलाई मल बीउको व्यवस्था गर्न नसके राजीनामा दिनुपर्ने उनले बताए ।

देवी माविका प्रधानाध्यापक राजाराम छुँकाले वार्षिक प्रगति विवरण प्रस्तुत गर्दै दुई करोड ४७ लाखको आयव्यय प्रस्तुत गरेका थिए । उनले आगामी आवका लागि दुई करोड ८० लाख रूपैयाँको अनुमानित बजेट प्रस्तुत गरे ।

## काठ लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०७९।०८।२०**

यस सा.व.उ.स.बाट संकलित आ.व. ०७८/७९ को साल, असना, जामुन गोलिया २९८५.९१ क्यू.फि. काठ र साल दाउरा ४.५० चट्टा लिलाम बिक्री गर्नु परेकोले प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । थप जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री ढापखोला सा.व.उ.स.,
तिनाउ–२, पाल्पा ।**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRIGHT WAY HOLDINGS SDN BHD.
पूर्व स्वीकृति मिति २०७९/०३/२घ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०८/१९ LT. No. 266765 चलानी नं. ६०१८३४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker-manufacturing | 20 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PEMBINAAN YENG TONG SDN. BHD.
पूर्व स्वीकृति मिति : २०७४/१२/१३ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०८/१९ LT. No. 209159 चलानी नं.६०१२९९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General/Construction Labor | 20 | 0 | 1200 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २७ गते (13th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBRAHIM AL-GHAMMAS FARM
पूर्व स्वीकृति मिति : २०७९/०८/१९ LT. No. 277194 चलानी नं. ६०१९२७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 1 | 0 | 1000 | ३४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी :CAFE TUWAIQ TO SERVE DRINKS COFFEE
पूर्व स्वीकृति मिति : २०७९/०८/१९ LT. No. 277195 चलानी नं. ६०१९२७५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 1 | 0 | 1000 | ३४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी :QUALITY INSULATORS CONTRACTING EST
पूर्व स्वीकृति मिति : २०७९/०८/१९ LT. No. 277196 चलानी नं. ६०१९२७५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ३४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २७ गते (13th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np


## बिमालेख हरायो

मिति २०७९/०७/१५ गते, भक्तपुरदेखि काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : अनिल बुढाथोकी**
**बिमालेख नं : १२५०२४१२७**
**(नेपाल लाइफ इन्स्योरेन्स)**
**ठेगाना : भक्तपुर**
**सम्पर्क नं : ९८४३९३३३३५**

## Babai Rural Municipality
## Office of the Rural Municipal Executive
## Hapure, Dang

### Invitation for Bids (E-Bidding)

**Date of First Publication: 20/08/2079 (05 December 2022)**

1. Babai Rural Municipality has allocated the budget, towards the following mentioned works.
2. The Babai Rural Municipality invites electronic bids from registered construction companies for the the Construction of following mentioned work , under National competitive bidding procedures specified in Public Procurement Act and Regulations. All other general and technical information not mentioned in this notice will be as per Bid Document uploaded on www.bolpatra.gov.np/egp
3. Interested eligible Bidders may download the IFB and Bidding Documents for e-submission from PPMO's web portal www.bolpatra.gov.np/egp on submission of written application attaching electronically scanned copies of (a) firm registration certificate (b) VAT and PAN registration form (c) tax clearance certificate valid for the F/Y 2078/2079 (d) Power of attorney (e) voucher for payment of a non- refundable fee (Cost for bid document) e) Self Declaration f) bidder's participating form as mentioned in the below table .Refer bid documents for detailed information for necessary required document
4. **Information to deposit the cost of Bidding Document in Bank** :
   Name of the Bank : Nabil Bank Ltd (NBL). ,Hapure Dang
   Bank Account No. : 22001017500031
   Name of Account : Ga 1.1 Aantarik Rajaswa Khata
5. Completely filled electronic Bid document with necessary supporting documents must be submitted through website www.bolpatra.gov.np/egp on or before 12:00 of 31st day from the date of first notice published. Documents received after this deadline shall not be accepted.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 31st day from the date of publication at 14:00 hours at Babai Rural Municipality ,Office of the Rural Municipal Executive, Hapure, Dang, Nepal.
7. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security of minimum amount as specified in below table, cash deposit in Account No.: 22001017500021, with account name Babai Ga- 3 Dharauti Khata(Babai RM),Nabil Bank Ltd (NBL). ,Hapure Dang ,branch or in the form of unconditional Bank guarantee from A class Bank in favor of Babai Rural Municipality ,Office of the Rural Municipal Executive ,Hapure Dang,which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Other terms and conditions will be in accordance with the Procurement Act, 2063, Procurement Regulation, 2064 and the prevailing laws of Government of Nepal.

10. **The name and identification of the contract are as follows:**

| S. N. | Name of Contract | Contract ID | Estimated Amount without VAT | Minimum Bid Security Amount | Bid opening Date | Bid Document Fee. |
|---|---|---|---|---|---|---|
| 1. | Sarswati Ma Bi Charakmatiya Bhawan Nirman at Babai 07 | BABAI/ NCB/06/ 2079-080 | 21,39,351.32 | 65,000.00 | 2079/09/21 | 3000.00 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नयाँ जनप्रतिनिधिसँग आशा

यही ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनबाट १६५ जना माननीय चुनिइसकेका छन् । सोमबार दोलखाको मतपरिणाम सार्वजनिक भएसँगै पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)बाट चुनिने १६५ सांसदको टुंगो लागेको हो । समानुपातिकतर्फको मतगणना सम्भवतः आज सकिनेछ । समानुपातिकतर्फबाट थप ११० जना सांसद चुनिने छन् ।

यसैगरी प्रदेशसभातर्फ ३३० सांसद प्रत्यक्ष निर्वाचन प्रणालीबाट चुनिएका छन् । प्रदेशसभामा पनि समानुपातिकतर्फको मतगणना अन्तिम चरणमा छ । निर्वाचन आयोगले मतगणना सम्पन्न भएपछि दलले पाएको मतका आधारमा सिट संख्या विभाजन गरी समानुपातिकको सिट बाँडफाड गर्नेछ । र, दलहरूले बुझाएको बन्दसूचीबाट सांसदको नाम चयन गरी राष्ट्रपतिलाई बुझाउनेछ ।

प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीबाट विजयी हुने सांसदहरूले अबको पाँच वर्ष मुलुकको कानुन बनाउने मुख्य थलो संसद् चलाउने छन् । यसरी विजयी भएर गएकामध्येबाटै देशको कार्यकारी प्रधानमन्त्री र मन्त्रीहरू चुनिनेछन् । राष्ट्रपति, उपराष्ट्रपति, सभामुखलगायत प्रमुख पदहरूमा नयाँ व्यक्ति चयन हुने छन् । यसरी जनताले उनीहरूलाई पाँच वर्षका लागि चुनेर पठाएका छन्, मुलुक निर्माणका लागि ।

यस पटकको संसद्मा पुराना दल, पुराना अनुहारसँगै नयाँ दल र अनुहारले पनि प्रवेश पाउँदै छ । यही चुनावबाट उदाएका दलहरू र तिनका सांसदहरूका लागि आगामी पाँच वर्ष परीक्षाको घडी हुनेछ । परम्परागत दल र नेतृत्वप्रतिको वितृष्णा यसपालिको चुनावमा देखिएको कुरालाई नयाँ दलहरूले पक्कै भुल्ने छैन । साथै, परम्परागत दलहरूले पनि यसबाट पाठ सिक्दै आफूलाई सुधार्न लाग्ने अपेक्षा छ । यसपालि केही चर्चित अनुहारहरूलाई संसद्मा देख्न पाइने छैन । उनीहरू चुनावमा पराजित भएका छन् । धेरै संख्यामा नयाँ र युवा अनुहारको प्रवेशले संसद्को परिदृश्य बद्लिने निश्चित भएको छ ।

पाँच वर्षका लागि चुनिएका माननीयहरूले पक्कै जनतासँग गरेका वाचा बिर्सने छैनन् । मुलुकको विकास र समृद्धिका लागि चुनावमा जनतासँग गरेका प्रतिबद्धता कार्यान्वयनमा उनीहरू जिम्मेवार बन्ने अपेक्षा छ । किनकि, जनचाहनालाई सम्बोधन गर्न नसक्ने व्यक्तिलाई जनताले चुनावबाटै पाखा लगाइदिन्छन् भन्ने यो निर्वाचनले प्रस्ट पारेको छ । यद्यपि, विभिन्न कारणले केही राम्रा र अनुभवी व्यक्तिहरू चुनावमा पराजित भएका छन् । जनताको अभिमतलाई सम्मान गर्दै आफ्नो कर्तव्यमा पूर्णजिम्मेवार हुनुको विकल्प छैन । यो प्रतिनिधिसभा र प्रदेशसभा दुवै सदनमा निर्वाचितहरूको हकमा लागू हुन्छ ।

निर्वाचित सांसदहरूको भूमिका संसद्लाई चलायमान बनाउनु, मुलुकको हितमा कानुन निर्माण गर्नु र सरकारलाई जिम्मेवार बनाउनु हुनेछ । मुलुकको आवश्यकता स्थिर सरकार हो । स्थिर सरकारविना मुलुकको विकासलाई सही दिशामा अगाडि बढाउन सम्भव नहुने कुरा विगतको अनुभवले पुष्टि गरिसकेको छ । यो कुरालाई मनन गरिनुपर्छ । विगतका संसद्मा देखिएका विकृतिहरूलाई दोहोरिन नदिन नवनिर्वाचित सांसदहरूको भूमिका महत्त्वपूर्ण हुनेछ । आशा गरौं आगामी पाँच वर्ष मुलुक र जनताको हितमा यी माननीयहरू सक्रिय रहने छन् । साथै, जनताले उनीहरूमाथि निगरानी र दबाब निरन्तर राख्न जरुरी छ ।

## मननयोग्य

### चाणक्य नीति

'युनानी राजकुमारी हाम्रो पूर्वीय संस्कृतिबारे पूर्ण परिचित हुनुहुन्छ । त्यसलाई प्रेम र आदर गर्नुहुन्छ । तपाईंहरू सोच्नोस् यो विवाहले मानवताको कति उपकार हुन्छ । भारत वर्ष युनानका आक्रमणबाट सधैं मुक्त रहन्छ युनानका रूपमा भारतवर्षले आफ्नो एउटा शक्तिशाली मित्र पाउँदा त्यो पनि धेरै शक्तिशाली हुनेछ, भारतवर्षको संस्कृतिको विस्तार हुनेछ ।'

चाणक्य अरू पनि धेरै भन्न चाहन्थे तर ती धर्मांधन्ताले गर्दा पण्डित समूहले केही सम्झेनन् । रिसाउदै भन्न लागे- 'शत्रुकी छोरी त्यो पनि विजातीय यो विवाह हुनै सक्दैन ।'

चाणक्यलाई कसैले चनैती देओस् । यो चाणक्यको स्वभावमा थिएन । उनको अनुहार रिसले रातो भयो, गम्भीर स्वरमा भने- 'अतः मान्यवर ! तपाईलाई यो विवाह स्वीकार छैन ? ... तपाईं सबै सुन्नोस् आँखा चिम्लिएर शासन चल्दैन । तपाईं त्यहाँसम्म सोच्न सक्नुहुन्न जहाँसम्म म सोच्न सक्छु । यो विवाहको कार्यले जो राम्रो परिणाम निस्कन्छ त्यसबारे मैले तपाईंहरूलाई परिचय दिइसकें, व्यर्थको रुढिवादले राष्ट्रको भविष्य अन्धकारतिर लैजाओस् हो । चाणक्य हुँदा यस्तो हुन सक्दैन । धर्म आफ्नो ठाउँमा छ, तर राष्ट्रय त्यसभन्दा ठुलो छ । सबैतिर युद्ध र डर हुन्छ । त्यसबेला धर्मले राष्ट्र बचाउन सक्छ ? राष्ट्र बचाउन र शान्ति प्रेम चाहिन्छ, त्यही प्रत्येक धर्मको मूल हो । अँ जो पनि धर्माधिकारी उपस्थित हुनुहुन्छ उहाहरू कति धर्मनिष्ठ हुनुहुन्छ यो म राम्रोसँग जान्दछु प्रत्येकको जन्मकुण्डली मसँग छ, यदि भन्नुहुन्छ भने त्यो म राजसभामा पढी सुनाउँछु ।'

चाणक्यको यो गर्जनाले ती पण्डितहरूको क्रोधाग्नि एकदम शान्त भयो । कोही पनि चाणक्यसँग तर्क गर्न अग्रसर देखिएनन् । राज्यसभामा विचित्र सुनसान भयो, यस्तो आभास हुन्थ्यो प्रत्येक व्यक्ति आ-आफ्ना कर्मसँग परिचित छन् । यदि चाणक्यले राज्यसभामा पोल खोले भने त सबै प्रतिष्ठा खत्तम हुन्छ ।

चाणक्यले धेरै समयसम्म सबैलाई चुप देखेर गर्जदै एकपटक पुनः भने-'के अरू सोध्न केही बाँकी छ कसैको ?'

सबै पण्डितले मुखामुख गर्दै भने-'छैन महामात्य ! हामीले सोच्यौं । मगधको सुखसमृद्धिका निम्ति भारत वर्ष र युनान एक हुनुपर्दछ ।' क्रमश :

# जुजुभाइ डंगोलको पुस्तकालय यात्रा



▸▸ पदम श्रेष्ठ

डकुमेन्टेसन शाखा सेडाबाट २०३८ सालमा पद्मकन्या क्याम्पसको पुस्तकालय प्रमुख हुँदा त्यहाँ विद्यार्थी, शिक्षकलाई किताब दिने र फिर्ता लिने काममा सीमित भएँ म । त्यहाँ कार्यरत नौ जना कर्मचारी बिहान दुई सिफ्टमा काम गरी भत्ता ५० प्रतिशत बढी लिन्थे । केही स्टाफहरू हाजिरमात्र गरेर तलब खान्थे । पुस्तक नपाए पनि विद्यार्थी र शिक्षकहरू कुनै चासो दिँदैनथे । तर, मलाई काम नगरी ५० प्रतिशत भत्ता खान स्वभावैले दिएन ।

पुस्तकालयमा क्याटलगिङ (सूचीकरण) थिएन । र्‍याकमा पुस्तक छुँदा हातभरि फोहोर टाँसिन्थ्यो । कर्मचारी साथीहरूसँग छलफल गर्दा चार जना कर्मचारीबाहेकले मेरो प्रस्तावमा चासो देखाएनन् । मैले चाहेको भए म अर्डर दिएरै पनि त्यो काम गराउन सक्थें, लाइब्रेरियन प्रमुखको हैसियतले । अर्डरको काम दीर्घकालीन हुदैन भन्ने सोचें मैले, तर तँ आँट म पुर्‍याउँछु भन्छन् रे भगवानले । क्याम्पसमा पुस्तकालय सुधारको प्रस्ताव राख्दा सर्वश्री शाम्बदेव पन्त (भाइ साहेब), हरि नेपाल, चेतनाथ शर्मा, कमला मास्के, निरञ्जन अर्याल, राम शर्मा, दीपक जंगमले सहयोग गर्ने वचन दिनुभयो । तत्कालीन विद्यार्थी संगठनका नेतृहरू शशी श्रेष्ठ, समा शाही, कमला पन्तबाट पनि । लेखा शाखाका अशोक चित्रकार, परीक्षा शाखाका नारायण पोखरेल, प्रशासनका गोविन्द तण्डुकार पनि ऐक्यबद्ध हुनुभयो । फलस्वरूप पुस्तकालयमा बजेट वृद्धि गर्ने, पुस्तक खरिद गर्न पुस्तकालय प्रमुख मलाई अधिकार दिइयो । फिर्ता गर्नुपर्ने पुस्तकहरू समयभित्रै फर्काउनुपर्ने नीति बनाइयो । ताकि, विद्यार्थी तथा शिक्षकहरूलाई आवश्यक पुस्तक बाहिरबाट किन्न नपर्नेगरी व्यवस्थापन होस् ।

### नेपालमा पुस्तकालय संघ

यसैबीच २०४४ सालमा बेतलबी बिदा लिएर तीन वर्षका लागि म अन्तर्राष्ट्रिय परिवार नियोजन संघको क्षेत्रीय कार्यालय (आइपिपिएफ) काठमाडौंमा काम थालें । सेडाका पूर्वअधिकृत नगेन्द्र शर्माको सिफारिसमा म त्यहाँ पुगेको थिएँ । दैनिक कार्यमा बाधा नपर्नेगरी पुस्तकालय संघको फोन, फ्याक्स, कम्प्युटर, फोटोकपी, बैठक कोठासमेत प्रयोग गर्न कार्यालय प्रमुख जगदीश घिमिरेबाट मैले अनुमति पाएँ ।

त्यही अभियानबाट डा. साकेलविहारी ठाकुरको अध्यक्षताको नेपाल पुस्तकालय संघले अन्तर्राष्ट्रिय पुस्तकालय संघ (इफला)को सदस्यता प्राप्त गर्‍यो । त्यहीबेला पुस्तकालय व्यवस्थापन तालिम पाठ्यक्रमले सिटिइभिटीबाट स्वीकृति पायो भने नेपाल राष्ट्रिय पुस्तकालयलाई त्रिवि केन्द्रीय पुस्तकालय र युनेस्कोसँग आबद्ध भई तालिम सञ्चालन र पेसागत हितका कार्यहरू गर्ने अवसर पाएका थियौं । त्यसपछि रुद्रप्रसाद दुलालको अध्यक्षतामा गठित नेपाल पुस्तकालय संघको सदस्यसचिवको हैसियतमा मैले काम गरें । हालसम्म पनि संस्थापकको रूपमा क्रियाशील छु ।

२०४६ सालमा आइपिपिएफ क्षेत्रीय कार्यालय बन्द भएपछि पुनः म पद्मकन्या क्याम्पसमा फर्की काम थालें । तर, आफूले तीन वर्ष अगाडि गरेको सुधार व्यवस्थापन र कर्मचारीले हाजिर मात्र गरी तलब खान नपाइने नियम त बहुदलीय प्रजातन्त्रको आन्दोलनले अस्तव्यस्त बनाइदिएछ । लाइब्रेरी भनेको कुनै पनि स्कूल, क्याम्पस, समाज र राष्ट्रको शैक्षिक, नैतिक र प्रविधि सञ्चालनको मुटु हो । तर, यहाँ त लाइब्रेरीलाई देखाउने दाँत मात्र भन्ने भ्रम व्याप्त भएछ । पुस्तकालय ज्ञान, सीप र अनुभवको आधारमा नभई जति धेरै वर्ष काम गरेको हो, त्यही आधारमा पदोन्नति हुने प्रावधान पो लागू गरिएछ । हाजिर मात्र गरेर तलब खानेहरूको स्वभावभित्र म टिक्नै सकिनँ । म निस्किएँ ।

फेरि, काम गर्नेलाई अवसरको खाँचो नहुँदो रहेछ । तत्काल २०५० सालमा मुरारी विनोद पोखरेलको सिफारिसमा काठमाडौं विश्वविद्यालयमा काम पाएँ । उपकुलपति डा. सुरेशराज शर्मा, रजिस्ट्रार सीताराम रेग्मी, डिन भद्र तुलाधरको मातहतमा मैले काम थालें । टिम मिलेको कारण समय मिलाएर केन्द्रीय कार्यालय लाजिम्पाट, विज्ञान स्कूल हाँडीगाउँ,



जुजुभाइ डंगोल

थापागाउँ स्कुललाई व्यवस्थापनमा सघाउँथें म ।

### साप नेपाल स्रोत केन्द्र

डकुमेन्टेसन व्यवस्थित गर्ने, साप नेपालसँग आबद्ध सामुदायिक संघ संस्थासँग सम्पर्क राख्ने, सञ्चालित कार्यक्रमको गतिविधि तथ्यांक संकलन गर्ने, सहयोगको प्रतिवेदन तयारीदेखि देशमा स्थलगत भ्रमण, तालिम गोष्ठीमा भाग लिनेजस्ता कार्य गर्ने गरी २०५१ सालदेखि साप नेपालमा काम थालें ।

हो, यहीबेला हो मेरो देशव्यापीरूपमा सञ्चालित पुस्तकालयहरू पूर्व झापा धुलाबारीस्थित त्रिफला पुस्तकालयका प्रेम प्रकाश फलाहारी, सप्तरी फत्तेपुरस्थित प्रयास सामुदायिक पुस्तकालयका रमेश कार्की, चितवन सौराहाका झुवानी पुस्तकालयका बासु ढुंगाना, केशव आचार्य, चितवन क्षेत्रपुर रामेश्वर पुस्तकालयका केशवकुमार श्रेष्ठसम्म लमजुङ बेशीसहरस्थित लक्ष्मीनारायण सार्वजनिक पुस्तकालयमा गणेशप्रसाद न्यौपाने, मुस्ताङ थाकखोलास्थित भूपि पुस्तकालयका वसन्त शेरचन, पर्वत फलेवासस्थित मोती पुस्तकालयका भोलानाथ शर्मासम्म गुल्मीस्थित किरण पुस्तकालयका शशी पन्थीलगायतका व्यक्तित्वहरूसँग सम्पर्क अनुभव आदानप्रदान गर्ने अवसर प्राप्त भयो ।

### बाल पुस्तकालयको थालनी

यहीबेला हो, पिछडिएका परिवारका बालबालिका महिला, विपन्न वर्गको उत्थान गर्ने उद्देश्यबाट सन् २००० मा किरणदत्त तेवारी, अमर गुरुङ, अञ्जु वैद्यसँग मिलेर बाल कल्याण समाजअन्तर्गत बाल पुस्तकालयहरू खोलेका थियौं । द एसिया फाउण्डेसन, वर्ल्ड इजुकेसन, प्लान नेपाल, स्ट्रोम फाउण्डेसन, एचआइओ अमेरिका, केयर एण्ड फेयर नेपाललगायत दाताको हातेमालोमा बाल पुस्तकालयलाई महासचिवको हैसियतले देशव्यापी विस्तार गर्न दिलो ज्यान दिएर लागें ।

बाराको कलैया, मकवानपुरको हेटौंडा, चितवनको शक्तिखोर, नवलपरासीको परासी र कास्कीको पोखरामा पिछडिएका विपन्न समुदायका लागि निःशुल्क स्वास्थ्य, सीपमूलक तालिम, रोजगारीका लागि बचत कार्यक्रमसहित बाल पुस्तकालयको अवधारणा लग्यौं । त्यसैबेला मैले बुझें पुस्तकालय स्थापना विस्तार गरिँदा कोरा सिद्धान्त मात्र होइन आवश्यकताको प्रस्तावसमेत लानुपर्दो रहेछ । जस्तैः अध्ययन कक्षको सुविधा, परामर्श सेवा, खेलकुद सामग्री, बेलाबेलामा साहित्य तथा चित्रकला नृत्यकला जस्ता मनोरञ्जन कार्यक्रम पनि । वर्तमानमा कम्प्युटर नेटवर्किङ, लोकसेवा वा तालिमको सूचना तथा सम्बन्धित विषयको पुस्तकहरू पुस्तकालयमा अनिवार्य राख्नुपर्छ । यही सुत्रको आधारमा भृकुटीमण्डपस्थित काठमाडौं पुस्तकालय पनि लागू भएको छ ।

### भृकुटीमण्डप काठमाडौं सार्वजनिक पुस्तकालय

देश विदेशको भ्रमण, गोष्ठी, सम्पर्कबाट प्राप्त अनुभव प्रयोग गरी डा. नारायण खड्काको नेतृत्वमा भृकुटीमण्डपमा काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाज खडा गर्‍यौं, २०६० सालमा । समाजका अध्यक्ष डा. खड्का भए पनि पुस्तकालयको व्यवस्थापकको हैसियतबाट काम गर्दै जाँदा हामीले करिब ३५ हजारभन्दा बढी विविध क्षेत्रका पुस्तक, १५ हजार प्रतिवेदन, १० हजार पत्रपत्रिका बुलेटिन, पम्प्लेट संकलन गर्न सफल भयौं । भृकुटीमण्डप परिसरभित्रको दुईवटा भवनहरूमा सञ्चालित पुस्तकालयमा १७ हजार जना बढी सदस्य संख्या पुग्दा अनलाइन पाठकबाहेक पनि दैनिक २०० जनाले अध्ययन गर्न आउने थलो बनेको छ ।

### मेरो पुस्तकालय जीवनको मार्गदर्शक- अनिलसिं सुवाल

हाम्रो टोल किलागल काठमाडौंमा दाजु बाबुकाजी महर्जन (अनिलसिं सुवाल)को नेतृत्वमा विविध गतिविधि सञ्चालनार्थ स्टार क्लब थियो । बाबुकाजी दाजुकै नेतृत्वमा युवालाई जिम र हामीजस्ता केटाकेटीहरूलाई आफ्नै घरमा वाचनालय खोलिदिनुभएको थियो । हो, म त्यही वाचनालयको पाठक मात्र होइन कि कोठा खोल्ने, बन्द गर्ने सफाइ गर्नेदेखि पुस्तक, पत्रपत्रिका व्यवस्थापनसम्मको जिम्मेवारी पाएको मान्छे थिएँ । र, म त्यही जिम्मेवारी निर्वाह गर्दागर्दै अलि ठूलो व्यवस्थित पुस्तकालयहरू महाबौद्ध मासंगल्लीको प्रसिद्ध पुस्तकालय, न्हैकन्तला असनको विप्लव पुस्तकालयमा पनि जान थालें ।

२०३७ सालमा एसएलसीपछि नेपाल कमर्स क्याम्पस धोबिचौरमा पढ्न जाँदा कलेजको पुस्तकालय निकै आकर्षक र भव्य लाग्यो । जन्मजात स्वभावै होकि के हो, केही साथीहरू अर्कैअर्कैमा लागे । मेरो भने काठमाडौंका मिसन पुस्तकालयहरू नेपाल-भारत मैत्री पुस्तकालय, अमेरिकन लाइब्रेरी गएर शब्दकोश, विश्वकोश, भूगोलको नक्सा अध्ययन गर्ने बानी पो हुन थालेछ । तर, बाबुकाजी दाइको निजी घरमा सञ्चालित वाचनालयचाहिँ बेस बनाइरहें । स्वभावअनुरूप मेरो लाइब्रेरियन कर्मको सुरुआत २०२८ सालमा राष्ट्रिय समाचार समितिमा समाचार शाखाको सहायक कर्मचारीमा भर्ना भएदेखि भएको हो । २०३० सालमा सेडाको डकुमेन्टेसन शाखामा चाहिँ शंकरदेव क्याम्पसबाट आइकम गरेपछि नोकरी थालेको हुँ । सेडा डकुमेन्टेसन शाखा प्रमुख प्रभा ठाकुर र अधिकृत सुरेन्द्रप्रसाद ज्ञवालीबाट मैले थुप्रै कर्म सिकेको छु । यसरी सिक्ने, सिकाउने क्रमको अनुभवले मलाई लाग्छ- हाम्रो स्थानीय तहका प्रत्येक वडावडामा सार्वजनिक पुस्तकालय अनिवार्य हुनुपर्दछ । पुस्तकालयमा मेरो गुरु बाबुकाजी दाइले जस्तै गरी वाचनालय, पुस्तक, पत्रपत्रिका तालिमको सूचना, अनलाइनमा आउने 'वाण्टेड'का सूचना टाँस्ने तथा छलफल, अन्तर्क्रिया गराउनुपर्दछ ।

*(पुस्तकालय अभियन्ता डंगोलसँग गरेको कुराकानीमा आधारित)*

२०४६ सालमा आइपिपिएफ क्षेत्रीय कार्यालय बन्द भएपछि पुनः म पद्मकन्या क्याम्पसमा फर्की काम थालें । तर, आफूले तीन वर्ष अगाडि गरेको सुधार व्यवस्थापन र कर्मचारीले हाजिर मात्र गरी तलब खान नपाइने नियम त बहुदलीय प्रजातन्त्रको आन्दोलनले अस्तव्यस्त बनाइदिएछ । लाइब्रेरीलाई देखाउने दाँत मात्र भन्ने भ्रम व्याप्त भएछ । हाजिर मात्र गरेर तलब खानेहरूको स्वभावभित्र म टिक्नै सकिनँ । म निस्किएँ ।

## पत्र-मञ्जुषा

### चुनाव लडेका कलाकार : पार्टीले पत्याए, जनताले पत्याएनन्

मंसिर ४ गतेको चुनावमा धेरै कलाकारहरूले उम्मेदवारी दिएका थिए । पार्टीले टिकट दिएपछि उनीहरूले मत माग्न जनताको घरदैलो पुगे । २०७४ सालमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रभावित पारेर कोमल वली मनोनीत सांसद बनिन् । अघिल्लो दिनसम्म राष्ट्रिय प्रजातन्त्र पार्टीको नेतृ बनेर हिँडेकी वलीले भोलिपल्ट एमालेबाट सांसद पाइन् ।

एमालेमा बीसौं वर्ष योगदान गरेका नेताले मनोनीत सांसद पाएनन् । केन्द्रीय सदस्य पाउनबाट पनि उनीहरू वञ्चित भए । तर, पार्टीमा एकदिन पनि नलागेको, पार्टीका लागि कुनै योगदान नदिएको व्यक्ति एक दिनमै मनोनीत सांसदमा चुनिइन् । यसपालिको निर्वाचनमा अध्यक्ष ओलीले उनलाई दाङ निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रत्यक्षमा चुनाव लड्नका लागि टिकट दिएका थिए । तर, के गर्नु ? अध्यक्षले पत्याए पनि जनताले पत्याएनन् ।

दाङ क्षेत्र नम्बर ३ का जनताले रुचाएका व्यक्तिले टिकट पाएनन् । दाङका लागि केही गर्छु भनेर वर्षौंदेखि पार्टीमा लागेका व्यक्तिहरू पनि थिए होलान् । उनीहरूलाई ओलीले टिकट दिएनन् । वलीले अध्यक्ष ओली र महासचिव शंकर पोखरेललाई प्रभावमा पारिन्, टिकट पाइन् । अरुले त्यो गर्न सकेनन् । पार्टीले टिकट त दियो तर दाङका जनताले उनलाई नेताको रूपमा स्वीकारेनन् ।

उनी कलाकार हुन्, कलाकारसँग राजनीति गर्ने क्षमता हुँदैन भनेर जनताले चुनावमा हराइदिए । वलीले गाएका गीतहरू पनि एकदमै उत्ताउलो छन् । समाजमा विकृति फैलाउने खालका गीतहरू उनले गाएकी छिन् । यही गीत सुनेर पनि जनताले भोट दिएनन् । समाज बिगार्न जानेकाले देश सुधार्न जान्छन् ? बिगार्नेले सुधार्न जान्दैनन् । कलाकारहरू चर्चित हुनका लागि जे पनि गर्छन् ।

उनीहरू गीतमा जस्तो पनि शब्दको प्रयोग गर्छन् । क्षणिकको लोकप्रियताका लागि कलाकारले गाएका यस्ता गीतले समाजमा विकृति फैलाएको छ । तर, उनीहरूले यसबारे ख्याल गरेका हुँदैन । जनताले त मूल्यांकन गरेका हुन्छन् । राष्ट्रको गहना भन्ने, देश विदेश घुम्ने अनि राजनीतिक पार्टीको झोला बोक्ने । यिनीहरूलाई कलाकार भन्न मिल्छ ? यिनीहरू भनेको राजनीतिक पार्टीको झोले हुन् ।

सरकारले तक्मा पनि यस्तै समाजमा विकृति फैलाउनेलाई बाँडिरहेको हुन्छ । जसले यिनीहरूलाई प्रोत्साहन गरिरहेका छन् । आफ्नो परिवार बसेर हेर्न नसकिने भिडियोहरूमा खेल्ने, ठूलाबडासँग बसेर सुन्नै नसक्ने गीत गाउने । यिनीहरू विगतमा गरेका कार्यहरू बिर्से होलान् तर जनतालाई स्मरण नै छ । गएको चुनावमा नयाँ-नयाँ अनुहार देख्न पाइयो । डाक्टरी पेसाबाट आएकाले चुनाव जिते ।

व्यवसायीहरूले पनि माननीय बन्ने मौका पाए । तर, कुनै पनि क्षेत्रबाट कलाकारहरूले जित हात पार्न सकेनन् । जनताले उनीहरूलाई सांसदको रूपमा हेर्न चाहेनन् । कलाकारलाई जनताले मन पराउँदैनन् भन्ने यहीबाट प्रस्ट भएको छ । वली रेडियो नेपालकी जागिरे हुन् । उनी त्यहाँबाट मासिक तलबभत्ता खान्थिन् । तर पनि उनी बाहिर गीत गाउँथिन् ।

विगतदेखि आजसम्म आउन नेताहरूले धेरै सास्ती झेलेका छन् । पत्रकारिता क्षेत्र छोडेर राजनीतिमा होमिएका रवि लामिछाने पनि नागरिकता विवादमा तानिएका छन् । उनी पनि अब कानुनको कठघरामा आउँछ भनेर बहस चलिसकेको छ । २०६६ सालमा काठमाडौंको भद्रकालीमा माओवादीका अध्यक्ष पुष्पकमल दाहालसँग रेखा थापा कम्मर मर्काइमर्काइ नाँचेकी थिइन् ।

उनले आफूले टिकट पाउँछु र सांसद बन्छु भनेर लामो योजना बुनेकी थिइन् । तर, २०७० सालको चुनावमा माओवादीले उनलाई टिकट दिएन । हरेक अन्तर्वार्तामा अध्यक्ष दाहालको गुनगान गाउने उनी टिकट नपाएपछि राप्रपातर्फ लागिन् । राप्रपाले टिकट दियो तर जनताले भोट दिएनन् । कलाकारहरूको यो चुनावमा हरिविजोग नै भयो । रेखा र कोमल मात्र होइन, उठेका जति सबै कलाकार हारे । कोही पार्टीबाट उठेका थिए कोही स्वतन्त्र । तर, सबैको नतिजा उस्तै रह्यो । कलाकारले जनतालाई भेडाबाख्रा सोचेका थिए । हामीले जे गरे पनि हुन्छ भन्ने मनसाय यिनीहरूमा थियो । कलाकारहरूले बल्ल जनता चिन्दै छन् । कलाकारलाई जनताले यो चुनावमा राम्रो पाठ सिकाएका छन् ।

*- निर्मला खत्री, सिनामंगल*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# आयआर्जनमा जोडिदै वादी महिला

**बेदकोट–** कञ्चनपुरको भीमदत्त नगरपालिका-९ मटेनाका वादी परिवार पहिले महाकाली नदी बगरमा गिट्टी र बालुका चालेर गुजारा गर्थे । वादी बस्तीका युवा रोजगारीका लागि भारत जान्थे । महिला र वृद्धवृद्धा घर खर्च चलाउन महाकालीको बगरमा गिट्टी र बालुका चाल्नुको विकल्प थिएन ।

अहिले भने यी वादी परिवारहरू गिट्टी र बालुवाको काम छाडेर अन्य पेसामा आबद्ध हुन थालेका छन् । सीपमूलक तालिम सिकेर उनीहरू आयआर्जनमा जोडिदै गएका हुन् । पछिल्लो समय उनीहरू बाख्रा पालनसँगै बेमौसमी तरकारी खेतीमा आबद्ध हुन थालेका छन् । यसैबाट वादी परिवारले घर खर्च जोहो गरिरहेको माया वादीले बताइन् ।

'पहिले महाकाली नदी किनारमा गिट्टी कुटेर घरखर्च चलाउने गर्थे तर अहिले अवस्था फेरिएको छ,' उनले भनिन्, 'विभिन्न सीप सिकेर आयआर्जनमा महिला जोडिदै गएका छन् ।'

आयआर्जनमा मात्रै होइन वादी समुदायका महिलाहरू सामाजिकरूपमा सशक्त पनि बन्दै गएका छन् । अहिले वादी समुदायका महिलाले समूह गठन गरेर बचतसँगै सस्तो ब्याजदरमा ऋण लगानी पनि गरिरहेका छन् ।

'चार वर्षअघि हिमाल महिला सशक्तीकरण केन्द्र गठन गरेर पैसा बचत गर्ने गरेका छौं, अहिले २७ हजार बचत पुगेको छ,' केन्द्रकी संयोजक कल्पना वादीले भनिन्, 'आवश्यक परेका व्यक्तिलाई सस्तो ब्याजदरमा ऋण पनि दिने गरेका छौं ।'

समूह गठन गर्दा परिचयसम्म दिन नसक्ने महिला अहिले आफ्ना समस्या पनि सहजै भन्नसक्ने भएको उनको भनाइ छ । विभिन्न संघसंस्थाले समूह बनाएर आयआर्जनका लागि भन्दै बाख्रा वितरण गर्दा वादी महिलालाई आयआर्जनमा जोडिन सहयोग पुगेको उनको भनाइ छ ।

वादी महिला बाख्राका लागि खोर निर्माण गरेर व्यवस्थित ढंगले बाख्रा पालनमा लागेका छन् । 'विभिन्न तालिमबाट सीप सिकेर बाख्रालाई घाँस दाना खुवाउनदेखि उपचारआदीका विषयमा जानकार भएका छन्,' कल्पनाले भनिन्, 'यसले पनि हामीलाई सघाएको छ ।' *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BTHREE CLEANING SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०८/१९ | LT. No. 277125 | चलानी नं. ६०१९२७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २७ गते (13th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SNL WOODS SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/04/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१९ | LT. No. 268458 | चलानी नं.६०१८४३४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : B & M COCOPALM SDN BHD

पूर्व स्वीकृति मिति २०७९/03/१४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१९ | LT. No. 266058 | चलानी नं.६०१८२०१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २७ गते (13th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम इजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOBAL SOLUTIONS GENREAL CONTRACTING COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति: २०७९/०८/१९ | LT. No.277227 | चलानी नं. ६०१९२७६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1400 | ४८,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २७ गते (13th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**

श्रम इजाजत नं. ३८४/०५९/०६०

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAWAF KHUWAYLID MUNAWER AL-HARBI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०७९/०८/१९ | LT . No.277234 | चलानी नं. ६०१९२७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६२,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading Unloading Labour | 5 | 0 | 1000 | ३४,४८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २७ गते (13th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

